CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #७२

०६।७।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुर्‍याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## एक जिल्लाबाट अर्को जिल्लामा आवागमन सम्बन्धी प्रमुख जिल्ला अधिकारीको अधिकार क्षेत्र

२०० भन्दा बढी संक्रमित भएको जिल्लामा अन्य जिल्लाबाट र त्यस्तो जिल्लाबाट अन्य जिल्लामा सवारी साधनको आवतजावतलाई नियमन, व्यवस्थापन वा नियन्त्रण गर्ने ।

५०० भन्दा बढी सक्रिय संक्रमित भएको जिल्लामा वा जिल्ला भित्रको कुनै भागमा कुनै सेवा वा कार्यमा रोक लगाउने ।

कुनै एक जिल्लाबाट अर्को जिल्लामा जाँदा बाटोमा पर्ने जिल्लामा नियमन, व्यवस्थापन वा कुनै सेवामा रोक लगाएको भए पनि गन्तव्य जिल्ला सम्मको आवागमनमा कुनै बाधा व्यवधान नगर्ने ।

कुनै जिल्लामा आवागमन निषेध गर्ने गरी कुनै व्यवस्था गरिएको भए, त्यस्तो अवस्थामा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको लिखित अनुमती नभई यात्रा अनुमती जारी नगर्ने ।

स्रोत: https://mocit.gov.np/categorydetail/39948392

## नेपाल अपडेट



काभ्रेको मण्डनदेउपुर नगरपालिका - १० मा रहेको महिला कृषक समूह तरकारी लगाउने तालिमको प्राविधिक ज्ञान लिदै

तस्विर: केशवराज पौडेल

**परिक्षण**


पिसिआर परिक्षण: १३,५०,१५२

पोजेटिभ: १,४८,५०९

उपचाररत: ४४,८७७

मृत्यु : ८१२

सन्चो भएका : १,०२,८२०




Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



आगामी मंसिर ९ गते देखी कक्षा १२ को परीक्षा सञ्चालन गर्ने भनेको छ । कोरोनाको संक्रमण देखिएका विद्यार्थीले परीक्षा दिन पाउँछन् कि, पाउँदैनन् ?

कोभिड - १९ बाट संक्रमित भई उपचाररत विद्यार्थीलाई आगामी मंसिर ९ गते देखी सञ्चालन हुने कक्षा १२ को परीक्षामा सहभागी नहुन राष्ट्रिय परीक्षा बोर्डले अनुरोध गरेको छ । त्यस्ता परीक्षार्थीका लागि पछि छुट्टै परीक्षको व्यवस्था गरिनेछ । तर, त्यसको लागि विद्यार्थीले नेपाल सरकारबाट मान्यता प्राप्त प्रयोगशालाबाट परीक्षण गरिएको ल्याब रिपोर्ट पेश गर्नु पर्नेछ ।

स्रोत: http://www.neb.gov.np/uploads/photos/5pb7iAHJJD201021083804.pdf



हाल क्वारेन्टाईनको रुपमा प्रयोग भएका सबै विद्यालयलाई सरकारले आईसोलेशन सेन्टर बनाउँदै हो ?

त्यस्तो हैन । काठमाण्डौ उपत्यका लगायतका बढी प्रभावित जिल्लाहरुको हकमा मात्र प्रयोगमा नरहेका र आईसोलेशन सेन्टरको रुपमा विकास गर्न सकिने क्वारेन्टाईनलाई आईसोलेशन सेन्टर बनाउने भनेको हो । यि आईसोलेशन सेन्टर गृह मन्त्रालयको समन्वय र सहयोगमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले १५ दिन भित्र निर्माण गरिसक्नु पर्नेछ । कोभिड - १९ को संक्रमण दर तिव्र गतिमा बढिरहेको र लक्षणसहितका संक्रमितहरुको समेत संख्या बढिरहेकोले यो व्यवस्था गर्न थालिएको हो ।

स्रोत: https://mocit.gov.np/categorydetail/39948392



चाडबाडको बेला खाद्य पदार्थमा मिसावट, मूल्यबृद्धी, र कृत्रिम अभाव जस्ता क्रियाकलाप बढे । कोभिड - १९ का कारण अनुगमन फितलो भएको हो ?

चाडबाडको समयमा खाद्य पदार्थमा हुनसक्ने मिसावट, मूल्यबृद्धी, र कृत्रिम अभावजस्ता क्रियाकलापलाई निरुत्साहित गर्न बजार अनुगमनलाई तिव्र पारिएको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ । कोभिड - १९ को संक्रमणबाट मन्त्रालयका १५ जना र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका कर्मचारी प्रभावित भएकोले संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट थप कर्मचारी काजमा ल्याई अनुगमनमा खटाईएको पनि मन्त्रालयले जनाएको छ ।

स्रोत: https://cutt.ly/YglA38l



सरकारले स्थानीय तहमा अस्पताल बनाउने त भन्यो, खै केही सुरुवात भएको छैन त ? यो निर्णय कागजमा मात्र सिमित त हुने हैन ?

स्थानीय तहमा ५ देखी १५ शैया सम्मका आधारभूत अस्पताल स्थापना गर्ने सरकारको नीति अनुसार स्वास्थ्य पूर्वाधार निर्माणका लागि सम्बन्धित पालिकालाई रकम उपलब्ध गराईसकिएको छ । यसरी निर्माण गरिने अस्पतालको ड्इङ डिजाईन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरी उपलब्ध गराउनेछ । त्यस पश्चात २०७७ मंसिर १५ गते सबै पालिकाका अस्पताल भवनको शिलान्यास एकैसाथ गर्ने निर्णय सरकारले गरेको छ ।

स्रोत: https://mof.gov.np/uploads/news/file/press-release-20201019_20201019111833.pdf

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा +2760806146 एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा Nepal लेखेर म्यासेज पठाउनुहोस्




COVID-19 को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट ३२१०० मा डायल गर्नुहोस्


accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| | साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|---|
| नेपाली | ३,३४,४५१ | ७१,१९३ | २६,००० | ४,०६,९१७ | २,२४,९०५ | १७,०५७ | ५००,००० | ३८,८६२ |
| संक्रमित | ३,४३,७७४ | १,१९,४२० | ७८,९०७ | १,३०,४६२ | १,२०,७१० | १,११,८३७ | २३,८०४ | २५,५४३ |
| नेपाली संक्रमित | ४,१०७ | १,७३५ | ४५१ | २४,३०४ | २,४०० | ४५ | ८१ | २ |
| मृत्यु भएका नेपाली | ५२ | ७ | ३ | १८ | ३७ | १ | | |

Note: the कुवेत column prints "मृत्यु भएक नेपाली".



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## यूएईमा ग्लोबल भिलेज सुरु हुँदै

यूएईमा हरेक वर्ष जस्तै, यो वर्ष पनि २५ अक्टोबर २०२० देखी १८ एप्रिल २०२१ सम्म ग्लोबल भिलेज सुरु हुने भएको छ । पहिले जस्तो सहज नभए पनि स्वास्थ्य सुरक्षाका उपायहरु अपनाएर सञ्चालनमा ल्याईने भएको छ ।

### समय तालिका

**आईतबार** देखी **बुधबार** सम्म **साँझ ४ बजे** देखी **राती १२ बजे** सम्म

**बिहिबार** र **शुक्रबार साँझ ४ बजे** देखी **राती १ बजे** सम्म

**शनिबार दिउसो २ बजे** देखी **राती ११ बजे** सम्म ।

**सोमबार** फेमिली डे भएको कारणले, सार्वजानिक बिदा नभएको बेलामा भने परिवार र महिलालाई मात्र प्रवेश दिईन्छ ।

**टिकट दर:** १५ दिरहाम (३ बर्ष भन्दा कम उमेरका बच्चा र ६५ बर्ष माथिकालाई शुल्क लाग्दैन ।)

यस पटक भ्यालेट पार्किङ उपलब्ध छैन, तर VIP Parking को लागि आफ्नो गाडिको नम्बर प्लेट अनलाईनबाट रजिस्टर गर्न सकिन्छ ।


बस द्धारा ग्लोबल भिजेको यात्रा गर्न चाहानुहुन्छ भने:

**बस नं. १०२** - रासिदिया मेट्रो स्टेसन

**बस नं १०३** - यूनियम मेट्रो स्टेसन

**बस नं १०४** - गुबैबा मेट्रो स्टेसन (बर दुबई)

**बस नं १०६** - मल अफ दि ईमिरेट्स



*धेरै भिड भएको खण्डमा जुन सुकै बेला पनि बन्द गरीन सक्ने भएकाले यसको लागि सामाजिक सञ्जाल र वेवसाईटहरुबाट पनि जानकारी लिन सकिन्छ ।*

*१५० दिरहाममा पिसिआर टेस्ट पनि ग्लोबल भिलेज भित्र उपलब्ध छ।*

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका **UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight)** हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००


क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००


मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च



# $ फलो द मनी - खर्चको अर्थ

## स्वास्थ्य केन्द्रहरुको क्षमता बृद्धि गरी स्वास्थ्य सेवा सुधार गर्नेतर्फ सरकारको प्रयास




नेपाल सरकारले गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा बेडको संख्या थप्न १३ अर्ब ४ करोड रकम निकासा गरेको छ । यस अन्तरगत ४१ जिल्लाका १४५ पालिकामा १६९५ बेड थप गरिनेछन् । अन्य प्रदेशको (रु.७,५०,०००) तुलनामा प्रति बेड थप्न सबै भन्दा धेरै लगानी गण्डकी प्रदेशमा (रु. ९,१३,४६०) लागेको छ । सबैभन्दा धेरै बेडको क्षमता बढाउने कुरा कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा उठिरहेको छ । यसै अनुरुप अरु प्रदेशको (करिब ३५%) तुलनामा बजेट पनि यि दुबै प्रदेशका स्थानीय तहलाई (कर्णाली:४३% र सुदूरपश्चिम: ४८%) बढी गएको छ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौँ । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौँ ।

accountabilitylab NEPAL

# फ्रन्टलाईनर्स भोईसेस



## गिता बञ्जारा

उप-प्रमुख, पनौती नगरपालिका, काभ्रेपलाञ्चोक

"सुरुमा कोभिडको जोखिम बढेसँगै हामीले खाद्यान्न बैक संचालन गरेर एकद्धार प्रकृयाको सुरुवात गऱ्यौं । अत्यावश्यक हुन सक्ने एम्बुलेन्स सेवा सञ्चालनको लागि सबै एम्बुलेन्सलाई सतर्क अवस्थामा राख्यौं । कोभिड न्यूनिकरणको लागि सफाइमा विशेष ध्यान दिन स्वास्थ्यकर्मीहरुसँग छलफल गरेर समुदायस्तरमै सचेतना कार्यक्रम संचालन गरेका छौं । कोरोना संक्रमण देखिएको समुदायमा मास ट्रेसिङ गरिरहेकाछौं । साथसाथै, कोभिड रोगथामका लागि हामीले गरेको खर्च समयै सार्वजनिक गरेका छौ । यसले समुदाय स्तरमा कोरोना रोकथाममा काम गर्न सहज भएको छ ।"

## दीपक घिमिरे

कोभिड फोकल पर्सन, मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक



"नगरमा हाल ५८ जना सकृय संक्रमित छन् । काठमाण्डौमा संक्रमण देखिएका धेरै व्यक्ति जानकारी बिनानै गाउँमा आएर बस्ने र हिडडुल गरिरहेका छन् । कतिपयले जनप्रतिनिधीलाई मात्रै जानकारी गराउछन्, त्यसपछि हामीले थाहा पाउछौं । उनीहरुलाई नगरपालिकाको आइसोलेशन सेन्टरमा राख्न सक्थ्यो, तर समयमा सूचना नपाउँदा समस्या भएको छ । कोरोना संक्रमण रोकथाम स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र जनप्रतिनिधीहरुको मात्रै काम हो भन्ने धारणा नत्यागे सम्म कोरोना संक्रमण कम हुँदैन । स्थानीय सरकार तथा संघिय सरकारले शिक्षक, सँस्थानमा कार्यरत कर्मचारी तथा सरकारी निकायमा रहेर नियमित रुपमा कार्यालय नजानुपर्ने कर्मचारीलाई कम्तिमा स्वास्थ्य शाखामा सम्पर्क राख्ने भुमिका खेल्ने वातावरण बनाउनु पर्दछ ।"




## योगेन्द्र तिमल्सिना

प्रमुख एवम् प्रहरी निरीक्षक इलाका प्रहरी कार्यालय, बनेपा

"कोभिड नियन्त्रणमा सबैभन्दा ठूलो कुरा भनेको आत्म अनुशासन हो । काभ्रेपलाञ्चोक जिल्लाकै सबैभन्दा ठूलो बनेपा सहरमा भिडभाड अत्याधिक हुन्छ । सुवाती अवस्था देखी नै मास्क नलगाउने र सडकमा अनावश्यक रुपमा हिडडुल गर्नेहरुलाई सम्झाउने काम गरिरहेकाछौं । त्यसै गरेर, आइसोलेसन सेन्टरमा सुरक्षा दिने, संक्रमितको मृत्यु भएपछिको शव व्यवस्थापनमा विशेष ध्यान दिएका छौ । प्रहरीलाई शान्ति सुरक्षा कायम गर्ने, सडक सुरक्षासँगै अरु धेरै दायित्व समेत हुने भएकाले कोभिडको कारणले पारेको बिषम परिस्थितीमा पनि आफ्नो घर परिवार नभनी जिम्मेवारी पुरा गरिरहेको छुं ।"

# उच्च जनघनत्व भएका शहरहरूमा कोभिड - १९ को संक्रमण दर रोक्न सरकारले के गर्नुपर्ला ?

## नेपालमा कोभिड - १९ बाट संक्रमितको उच्च संख्या भएका दश जिल्लाहरू





माथिको ग्राफमा नेपालमा कोभिड - १९ बाट संक्रमितको उच्च संख्या भएका दश जिल्लाहरूलाई देखाईएको छ । यि जिल्लाहरुमा रहेका समग्र संक्रमितको संख्या कुल संक्रमित संख्याको ६२ प्रतिशत रहेको छ । काठमाण्डौ उपत्यकाका तिन जिल्लामा मात्र संक्रमितको संख्या कुल संख्याको ४३ प्रतिशत रहेको छ । त्यसै गरेर, उपत्यकाका तिन जिल्लामा संक्रमितको संख्या अन्य ७ जिल्लामा रहेका समग्र संक्रमितको संख्या भन्दा दोब्बर रहेको छ । यसले काठमाण्डौ उपत्यका कोभिड - १९ को संक्रमणको उच्च जोखिममा छ र अन्य जिल्लामा पनि नयाँ संक्रमितको संख्या बढ्ने क्रम जारी छ । यो कुरालाई मध्यनजर गर्दै सरकारले काठमाण्डौ उपत्यका जस्ता उच्च जनघनत्व भएका शहरमा संक्रमण दर रोक्न रणनीतिक योजना बनाउन जरुरी छ ।

स्रोत: HEOC, MoHP, SitRep

DISCLAIMER

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटि फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs